जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १२६ २०८२ साल पुस १ गते मंगलबार (16 Dec 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्बाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : काठमाडौंमा बढ्दो वायु.. ३ पृष्ठमा : जेनजी आन्दोलनका सहिद : ... ३ पृष्ठमा :अष्ट्रेलियाको बोन्डी समुद्र..



आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै बिगत चार दिनदेखी राजविराजमा जारि रिले अनसनमा चौथो दिन सोमबार निर्माण व्यवसायी संघ सप्तरीका पदाधिकारी तथा सदस्यहरुले ऐक्यबद्धता जनाउँदै रिले अनसनमा सहभागि । *तस्वीर : राजविराज दैनिक*

# फरार १३ जना प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

विभिन्न मुद्दामा अदालतबाट जरिवाना तोकिएर फरार रहेका १३ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले बिभिन्न मुद्दामा सप्तरी जिल्ला अदालतबाट जरिवाना तोकिएर फरार रहेका ती प्रतिवादीलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा कुटपीट मुद्दामा जरिवाना पाएका डाक्नेश्वरी नगरपालिका वडा नं. ७ का गजेन्द्र मरिक, शिबिन्द मरिक, गुरिया देवी मरिक र भरत यादव छन्।

यसैगरी कुटपीट, लुटपीट मुद्दामा जरिवाना पाएका महादेवा गाउँपालिका वडा नं. १ का सुरेन भन्ने सुरेन्द्र यादव, बिरेन भन्ने बिरेन्द्र यादव, अबैध साल काठ चिरान चोरी निकासी मुद्दामा रुपनी गाउँपालिका ६ का राजन तमाङ्ग, लुटपीट मुद्दामा साबिक लोहजरा गाबिस वडा नं. ९ का किरण राज मिश्र, शेखर राज मिश्र, निलम राज मिश्र, शान्ति देवी मिश्र, प्रकाश राज मिश्र छन्।

त्यस्तै झुठा नेपाली नागरिकता प्रमाण पत्र सम्बन्धी मुद्दामा राजविराज नगरपालिका वडा नं. १६ का रिषिनारायण देवसहित १३ जना प्रतिवादीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

फैसला कार्यान्वयनको सिलसिलामा सप्तरी जिल्ला अदालत राजविराजबाट जरिवना भइ फरार सुचीमा रहेका उनीहरुलाई पक्राउ गरी सप्तरी जिल्ला अदालत राजविराजमा दाखिला गरिएको प्रहरी नायव उपरीक्षक पुरीले बताए।

पक्राउ परेका प्रतिवादीहरुबाट एक लाख नौ हजार दुईसय पन्चानब्बे रुपैयाँ जरिवाना उसुल उपर हुने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# मधेशमा थपिए दुई मन्त्री

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

मधेस प्रदेशमा सोमबार मन्त्रिपरिषद् विस्तार गरिएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा नियुक्त भएका दुई मन्त्रीले प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णबाट पद तथा गोपनीयताको शपथ लिएका छन्।

यस सँगै मधेसमा मन्त्रिपरिषद् ६ सदस्यीय भएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा लोसपाबाट रानी कुमारी तिवारी शिक्षा तथा संस्कृति र माओवादी केन्द्रबाट जवाहरलाल कुश्वाहा ऊर्जा,

*बाँकी अन्तिम पृष्ठमा*

# खाल्डोमा जमेको पानीमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

खाल्डोमा जमेको पानीमा डुबेर एक बालकको मृत्यु भएको छ।

सप्तरीको डाक्नेशरी नगरपालिकामा वडा नं. १ कविलासा घर भएका दिपेन चौधरीका दुई बर्षीय छोरा रियान्स चौधरीको पानीमा डुबेर मृत्यु भएको हो।

आफ्नै घरको पछाडी कलको पानी जम्मा भएको खाल्डोमा आइतबार डुबी घाइते भएका रियान्सलाई उपचारका लागी युके मेमोरियल अस्पताल पातो लगिएकोमा चिकित्सकले उनलाई मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिएका छन्।

# जसपा नेपालद्वारा बिरोध प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

विभिन्न २८ बुँदे माग राख्दै संघर्षको कार्यक्रम गर्दै आएको जनता समाजवादी पार्टी (जसपा) नेपालले सोमबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ।

जसपा नेपाल सप्तरीका अध्यक्ष केदार यादवको नेतृत्वमा निकालिएको बिरोध प्रदर्शनमा प्रदेश सांसद किरण कुमारी साह, अनिरुद्ध प्रसाद सिंह यादव, मधेश प्रदेशका पूर्व उपसभामुख उपमा देव, केन्द्रिय सदस्य पुनम यादवका साथै जसपा नेपालका नेता कार्यकर्ताको सहभागिता रहेको थियो।

नगर क्षेत्रमा गरिएको प्रदर्शन पश्चात् स्थानीय नेता चौकमा पुगि बिरोध सभामा परिणत भएको थियो। बिरोध सभालाई प्रदेश सांसदद्वय साह र यादव, क्षेत्रिय अध्यक्ष मनोज बहरखेर यादव, प्रदिप मण्डल, जसपा जिल्ला उपाध्यक्ष लक्ष्मण यादव, जसपा नेपाल मधेश प्रदेश कमिटिका पूर्व सदस्य बिनोद यादव, नविनित झा, विद्यार्थी नेता केदार प्रसाद यादव, महिला नेतृ रमिला साह लगायतले सम्बोधन गर्दै जसपा नेपालले उठाएका माग सम्बोधन नगरिए आन्दोलन चर्काउने चेतावनी दिएका थिए।

जसपा नेपालले संविधान संशोधन, जातिय पहिचान आधारमा ११ प्रदेश, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रदेशलाई स्वायत्त अधिकार, स्थानीय तहको गैर-दलिय निर्वाचन, सीमान्तिकृत समुदायका सबै अधिकार सुनिश्चिततासहित जेन-जी पुस्ताले उठाएको न्यायोचित मागहरु सम्बोधन गर्नुपर्ने लगायतका माग उठाउदै चरणबद्ध रुपमा आन्दोलनका कार्यक्रम गर्दै आएको छ।

## साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको संचालक समितिको मिति २०८२/०८/१० गतेको निर्णय बमोजिम यस संस्थाको २३ औ बार्षिक साधारणसभा मिति २०८२/०९/२६ गते शनिबार बिहान ११:०० बजे संस्थाको कार्यालय भवन माथी हुने भएकोले सम्पुर्ण शेयर सदस्यहरुलाई जानकारीको लागि हार्दिक अनुरोध छ।

**तपसिल**

**मिति :** २०८२ पुस २६ गते शनिबार
**समय :** बिहानको ११ बजे
**स्थान :** संस्थाको कार्यालय, राजविराज

**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, राजविराज, सप्तरी,**
**सम्पर्क नं. ०३१-५३३०९६**

## मतदानमा सहभागी बनौं।

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं।
- दवाव र प्रभावमा परी मतदान नगरौं।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वायु प्रदूषणप्रति सावधानी अपनाऔं

वायु प्रदूषण आज विश्वव्यापी समस्या बनेको छ। नेपालजस्तो विकासोन्मुख मुलुकमा यो संकट झन् गम्भीर हुँदै गएको छ। सवारीसाधनको अत्यधिक प्रयोग, उद्योगधन्दा, इँटाभट्टा, फोहोर जलाउने प्रवृत्ति, वन विनाश र अव्यवस्थित शहरीकरणले वायुलाई विषाक्त बनाइरहेका छन्। यसको असर मानव स्वास्थ्य, वातावरण र अर्थतन्त्रमा गहिरो रूपमा पर्दै आएको छ। विशेषगरी सहर क्षेत्रमा वायु प्रदूषणको मात्रा चिन्ताजनक अवस्थामा पुगेको छ। दम, श्वासप्रश्वास सम्बन्धी रोग, मुटु तथा फोक्सोका समस्या बढ्नु यसको प्रत्यक्ष परिणाम हो। बालबालिका, वृद्ध र दीर्घरोगीहरू सबैभन्दा बढी जोखिममा छन्। अझ खतरनाक पक्ष के छ भने, वायु प्रदूषणले दीर्घकालमा मानव आयु नै घटाउने तथ्य विभिन्न अध्ययनहरूले देखाइसकेका छन्।

सरकारले वातावरण संरक्षण सम्बन्धी नीति, ऐन र कार्ययोजना बनाएको भए पनि कार्यान्वयन कमजोर देखिन्छ। प्रदूषण मापन, नियन्त्रण र दोषीलाई कारबाही गर्ने संयन्त्र प्रभावकारी छैन। स्थानीय तहदेखि केन्द्रसम्म समन्वयको अभाव स्पष्ट छ। नागरिकको सचेतना अभाव पनि समस्या बढाउने अर्को कारण हो। वायु प्रदूषणलाई सामान्य विषय ठान्ने होइन, राष्ट्रिय प्राथमिकताको मुद्दा बनाउने। सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्ने, विद्युतीय सवारी प्रयोग बढाउने, इँटाभट्टा र उद्योगलाई वातावरणमैत्री बनाउने, फोहोर व्यवस्थापन सुधार गर्ने र वृक्षरोपणलाई अभियानकै रूपमा अघि बढाउनुपर्छ। साथै, आम नागरिकले पनि आफ्नो दैनिकीमा प्रदूषण घटाउने व्यवहार अपनाउन आवश्यक छ।

तसर्थ स्वच्छ हावा मौलिक अधिकारलाई सुरक्षित राख्न सरकार, निजी क्षेत्र र नागरिक सबैले यसप्रति ठोस कदम चालिएन भने भोलि यसको मूल्य स्वास्थ्य र जीवनबाट चुकाउनुपर्ने हुन्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# काठमाडौँमा बढ्दो वायु प्रदूषणको समस्या र न्यूनीकरणका उपाय

**रोशनी अधिकारी**

काठमाडौं, २९ मंसिर (रासस)।

नेपाल हाल विश्वका ती देशहरूमध्ये पर्दछ, जहाँ वायु प्रदूषण तीव्रगतिमा बढ्ने क्रममा छ। काठमाडौं उपत्यकादेखि तराई, पहाड हुँदै हिमाली क्षेत्रसम्म प्रदूषणको प्रत्यक्ष असर देखिन थालेको छ। त्यसो त हरेक पल फेर्ने श्वासप्रश्वासदेखि पिउने पानीसम्मलाई प्रदूषणले प्रभाव पारिरहेको छ। यसको असरबाट नयाँ प्रकारका रोगहरू देखिने क्रममा छन्। अझ पछिल्लो दशक संसारमा नसर्ने रोगहरूको महामारी फैलनुमा पनि प्रदूषणको प्रभाव हो भन्ने कुरालाई प्रतिष्ठित अनुसन्धानमा संलग्न संस्था र व्यक्तिहरूले प्रमाणित गरेका छन्। हरेक साल झैं यस साल पनि काठमाडौंमा वायु प्रदूषणको मात्रा बढ्न थालेको समाचारहरू आएका छन्। साधारण रूपमा हामीलाई हिँडडुल गर्दा पनि आँखा पिरो हुने, नाक पोल्ने, वाकवाकी लाग्ने, रिँगटा लाग्ने जस्तो हुने, श्वासप्रश्वासमा असहजता हुने जस्ता लक्षणहरू भोग्दै आएका छौं।

संसारभर प्रदूषण बढ्नु हरेक देशका आ-आफ्ना प्रमुख कारणहरू छन् तर पनि मुख्य कारण भने अठारौं शताब्दीमा भएको औद्योगिक क्रान्तिलाई मानिन्छ। एकपछि अर्को उद्योग स्थापना हुँदै जाने क्रममा त्यस्ता उद्योगले गर्ने प्रदूषण नियन्त्रणमा कसैले ध्यान दिएनन्। आर्थिक विकास गर्ने होडमा शक्तिशाली देशहरूले जनमानसको स्वास्थ्यमापर्ने असरप्रति ध्यान दिएनन्। त्यसैगरी जनसङ्ख्या वृद्धि, तीव्र सहरीकरण, सवारीसाधनको अनियन्त्रित विस्तार र प्रभावकारी नीतिको अभावले प्रदूषणको समस्या झन् पछि झन् जटिल बन्दै गयो। यसले क्रमशः बहुआयामिक प्रभाव पार्दै गयो। फलस्वरूप पर्यावरण, अर्थतन्त्र, पर्यटन, कृषि तथा समग्र जीवनयापनमै गम्भीर असर पार्न थाल्यो। त्यस्ता असरबाट नेपाल र मुख्यगरी यसको राजधानी काठमाडौं अछुतो रहने कुरै भएन।

**काठमाडौंमा वायु प्रदूषण**

कचौरा जस्तो भौगोलिक भू-बनोटले गर्दा काठमाडौं उपत्यकाभित्र जम्मा भएका वायु प्रदूषणलाई हावाले सजिलै बाहिर लान सक्दैन। अझ जाडोयाममा राति र बिहानीपख उपत्यकाको सतह नजिक चिसो हावाको एक तह बन्छ जसलाई तातो हावाको अर्को तहले ढकनीले जस्तै छोपेर राखेको हुन्छ; यसलाई वैज्ञानिक भाषामा इन्भर्सन भनिन्छ। यसले गर्दा जाडोयाममा प्रदूषण जमिनको सतह नजिक नै बसिरहन्छन् र वायु प्रदूषण अत्यधिक मात्रामा बढ्न जान्छ। वायु प्रदूषण बढी हुनुको अर्को कारण यहाँको उचाइ पनि हो। १३ सयदेखि १३ सय ५० मिटरसम्मको उचाइमा अवस्थित काठमाडौं उपत्यकामा गाडीले अन्य कम उचाइ भएका ठाउँभन्दा साधारणतया बढी धुवाँ फाल्ने गर्दछ। त्यस्तै अन्य निम्न कारणले पनि काठमाडौंमा वायु प्रदूषण बढ्ने गरेको छ :

सवारीसाधनद्वारा अत्यधिक धुँवा उत्सर्जन : यसै त काठमाडौं उपत्यकाको भू बनोट कचौरा आकारको छ। जसले गर्दा प्रदूषित हावा तल्लो तहमा थिग्रिएर बस्न पुग्छ। त्यही हावा श्वासप्रश्वासका माध्यमबाट मानिसको फोक्सोमा पुगेर सङ्क्रमण गर्दछ। पुराना र मापदण्डविहीन सवारीसाधन, गुणस्तरहीन इन्धन, भिडभाडयुक्त तथा कच्ची सडक र ट्राफिक व्यवस्थापनको कमजोरीले उपत्यकाको प्रदूषणमा करिब ५० प्रतिशतसम्म योगदान गरेको देखिन्छ। सहरी क्षेत्रमा सवारीसाधन सञ्चालनको मापदण्डलाई कडाइ नगर्ने हो भने यसको हिस्सा बढ्दै जाने कुरामा कसैको दुई मत नहोला।

सिमेन्ट र इँटा उद्योग : बढ्दो सहरीकरणसँगै उत्पादन बढाउँदै गएन भने देशको अर्थतन्त्र क्रमशः ऋणात्मक हुँदै जाने गर्दछ। तसर्थ, औद्योगीकरण कुनै पनि देशको प्रगतिको पहिलो मानक हो। तर त्यसता उद्योग बस्तीहरूबाट निश्चित दूरीमा हुनु आवश्यक छ। अझ धुलो र धुँवा उत्सर्जन गर्ने सिमेन्ट, इँटा जस्ता उद्योगहरूलाई त बस्तीभन्दा निकै टाढा राख्नुपर्ने हुन्छ। हामीकहाँ भने नियमनबिना सञ्चालन हुने त्यस्ता उद्योगहरूले वातावरणमा धुलो, कार्बन-मोनोअक्साइड, सल्फरडाईअक्साइड जस्ता प्रदूषक तत्वहरू छरिरहेका हुन्छन्।

निर्माण कार्यबाट उड्ने धुलो : हाम्रो जस्तो भौतिक विकासमा पछि रहेका देशहरूमा आधुनिक समयसँगै विभिन्न भौतिक संरचनाहरूको निर्माण कार्य तीव्र गतिमा हुँदै गरेका छन्। अझ पछिल्लो समय विकास भनेकै भौतिक निर्माण हो भन्ने भाष्य विकास हुँदै गएको छ। सडक विस्तार, घर निर्माण र सार्वजनिक संरचनाहरूको निर्माण स्थलहरूमा सुरक्षा मापदण्ड नअपनाइँदा जथाभावी धुलो उड्ने गरेको देखिन्छ। त्यो धुलोले मानव स्वास्थ्यमा पार्ने प्रभावका विषयमा सम्बन्धित पक्षहरू संवेदनशील नभइदिँदा प्रदूषण घट्नुको साटो झन् बढ्दो क्रममा रहेको छ।

फोहर दहन र डम्पिङ साइट : सामान्यतः घर वरपर, खेतबारीमा रहेका प्लास्टिक, सिमेन्टको बोरा, चाउचाउका खोल, गुट्खाका खोल, कागज, ढोड, पराल, छ्वाली, झिक्राझिक्रीहरूलाई हामी खुला रूपमा जलाउने प्रवृत्ति रहेको छ। त्यस्ता वस्तु जलाउँदा विषालु ग्यास उत्पन्न भई वातावरणमा मिसिन जान्छ। यसले गर्दा हामीले फेर्ने श्वासमा प्रदूषण मिसिन पुग्छ। त्यस्तो प्रदूषित हावा लिएर हाम्रो फोक्सो के स्वस्थ रहन्छ र!

प्राकृतिक तथा मौसमी कारणहरू : त्यसो त प्रदूषित वातावरणको कारण पृथ्वीको बढ्दो तापक्रम, हावाको कम गति, डढेलो र खाद्य बालीका अवशेषहरूलाई जलाउने गर्दा पनि वायु गुणस्तरलाई निरन्तर रूपमा बिगारी रहेका छन्।

**वायु प्रदूषणका प्रभावहरू**

स्वास्थ्यमा प्रभावः वायु प्रदूषणको प्रमुख असर भनेको यसले मानिसको स्वास्थ्यमा एकपछि अर्को असर गर्दै जानु हो। यसले श्वासप्रश्वाससम्बन्धी रोग (दम, एलर्जी, सिओपिडी), फोक्सो क्यान्सर, मुटु तथा रक्तसञ्चार प्रणाली र प्रजनन स्वास्थ्यसम्बन्धी रोगहरू लाग्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। त्यसो त यसले बालबालिका, वृद्धवृद्धा र गर्भवतीलाई उच्च जोखिममा पार्दछ।

अर्थतन्त्रमा प्रभावः कुनै पनि अर्थतन्त्रको प्रमुख मेरुदण्ड भनेको जनशक्ति नै हो। प्रदूषणले मानव स्वास्थ्यमा प्रहार गर्न थालेपश्चात् जनशक्तिको उत्पादन क्षमता पनि ह्रास आउन थाल्दछ। यसका कारण उत्पादन एवम् सेवा क्षेत्रमा गम्भीर असर पर्न जान्छ। बिरामी जनशक्तिले न त उत्पादन गर्न सक्छ न त उपभोग नै गर्नसक्छ। त्यसै गरी प्रदूषणले स्वास्थ्य उपचार खर्च बढ्ने र पर्यटन क्षेत्रमा पनि नकारात्मक प्रभाव पारी समग्र आर्थिक चक्रलाई नै क्षति पुऱ्याई समग्र अर्थतन्त्रलाई शिथिलतातर्फ लाने सम्भावना रहन्छ।

पर्यावरणीय प्रणालीमा प्रभावः प्रदूषणले पृथ्वीको तापक्रम बढाउँदा समग्र जीवहरूको पुनरुत्पादन प्रक्रियामा गम्भीर असर परिरहेको हुन्छ। त्यसरी प्रदूषण र तापमान बढ्दा हरियो वनस्पति कमजोर बन्ने, जैविक विविधतामा असर पर्ने, वर्षा ढाँचामा परिवर्तन हुने जस्ता असर देखिँदै जानेछन्। यसले समग्र जीवको प्रणालीमै असर गरी नयाँ सङ्कट बढाउने जोखिम दिनानुदिन बढ्दै गएको पाइन्छ।

पर्यावरणीय प्रणालीमा रहेका समस्याहरूको तत्कालीन समाधानका विभिन्न उपायहरू हुन सक्छन्। धुलो नियन्त्रण अभियान कडाइका साथ सञ्चालन गर्न सकिन्छ। सडक लगायतका भौतिक संरचना निर्माणस्थलमा नियमितरूपमा पानी छर्कने र जिओ-टेक्सटाइल लेयर उपयोग गर्न सकिन्छ। पुराना सवारीसाधनहरू चरणबद्ध रूपमा हटाउने र विद्युतीय सवारीसाधनको प्रयोगमा जोड दिनुपर्छ। सार्वजनिक यातायातलाई भरपर्दो र व्यवस्थित पार्दै निजी सवारीसाधनको प्रयोगलाई निरुत्साहित र इन्धन गुणस्तर नियमित अनुगमन एवम् परीक्षणमा कडाइ गर्न सकिन्छ।

त्यस्तै जथाभावी फोहर जलाउने कार्यलाई पूर्ण प्रतिबन्ध लगाउन आवश्यक छ। घरवर, खेतबारीमा रहेका फोहरहरूलाई खुल्लारूपमा जलाउने कार्यलाई प्रतिबन्ध लगाउनुपर्छ। त्यस्ता कार्यलाई स्थानीय तहमार्फत नियमित निरीक्षण, दण्डजरिवाना प्रणाली लागू गरिनुपर्छ। राष्ट्रिय तथा स्थानीयस्तरमा वायु गुणस्तर सूचकाङ्क मापन र तत्क्षणिक सूचना प्रवाह गर्ने प्रणालीको विकास गरी त्यसलाई कडाइका साथ लागू गरिनुपर्छ। खुला रूपमा निर्माण सामग्रीको ढुवानी गर्ने कार्य रोक्न भौतिक निर्माणमा आवश्यक ढुङ्गा, बालुवालगायतका सामाग्रीलाई ढाकेर मात्र ढुवानी गर्ने, व्यवस्था गर्नुपर्छ।

दीर्घकालीन समाधानका उपायहरूमा विद्युतीय सवारीसाधनको प्रयोगलाई रणनीतिक रूपमा प्रोत्साहित गर्दै ट्राफिक व्यवस्थापन सुधारमा गर्दै एमआरटी, बिआरटीजस्ता आधुनिक सार्वजनिक यातायात प्रणालीको विकास गर्नुपर्दछ। दैनिक जीवनमा नवीकरणीय ऊर्जा खपतलाई प्रोत्साहित गराउन आवश्यक छ। सबैभन्दा बढी प्रदूषण गर्ने सिमेन्ट र इँटा उद्योगमा आधुनिक प्रविधिको जडान गरी प्रदूषण कम गर्न सकिन्छ। त्यसका लागि 'जिगज्याग' प्रविधिलाई अनिवार्य गर्दै शून्य उत्सर्जन उद्योगको अवधारणामा रूपान्तरण गर्नुपर्दछ। त्यसैगरी त्यस्ता उद्योगलाई सहर बाहिर सर्नका लागि प्रोत्साहन गर्नुपर्दछ। सहरी क्षेत्रमा बढ्दो कङ्क्रिटका संरचनाले तापक्रम र प्रदूषण बढाउन मुख्य भूमिका खेलिरहेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय सरकारले 'ग्रिनबेल्ट' क्षेत्रहरूको विकास गर्दै पार्कहरूको निर्माणमा जोड दिनुपर्नेछ। वृक्षारोपण अभियानलाई तीव्रता दिँदै जमिन उपभोगको नीतिमा निर्मम बन्नुपर्दछ।–

त्यसैगरी बढ्दो प्रदूषणलाई कम गर्नका लागि वातावरण संरक्षण वातावरण संरक्षण ऐनको पूर्ण कार्यान्वयनमा ध्यान दिनुपर्नेछ। स्थानीय तहलाई वातावरणीय निगरानी अधिकार विस्तार गर्दै वातावरण प्रभाव मूल्याङ्कन (इआइए) र प्रारम्भिक वातावरणीय परीक्षण (आइई) को प्रावधानलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। विद्यालयदेखि समुदायस्तरसम्म वातावरण शिक्षालाई अनिवार्य रूपमा लागू गरिनुपर्छ। हरेक घर-परिवारमा धुलो नियन्त्रण, मास्क प्रयोग, हरियाली अभियान र खुल्ला फोहर दहन बन्द गर्ने विषयलाई प्रभावकारी रूपमा चलाउनुपर्छ।

**निष्कर्ष**

प्राकृतिक र मानवीय कारणले गर्दा काठमाडौं उपत्यकामा वायु प्रदूषणको प्रभाव अन्य सहरभन्दा बढी हुने गर्छ। हरेक वर्षको हिउँद र प्रि-मनसुन समय फागुनदेखि वैशाखसम्म उपत्यकामा वायु प्रदूषण बढ्ने गर्छ। वातावरण विभागको प्रतिवेदनमा काठमाडौं उपत्यकामा प्रदूषणको मुख्य स्रोत दश लाखभन्दा बढी सवारीसाधन नै हुन्। नेपालमा सन् २०३० सम्ममा वायु प्रदूषणको वित्तीय भार दुई सय ५६ मिलियन अमेरिकी डलर (करिब तीन खर्ब) पुग्ने विश्व बैंकको अनुमान छ। वनजङ्गलमा लाग्ने डढेलो, किसानले खेतबारीमा जलाउने कसिङ्गर, धुलो धुँवा र पश्चिमी तथा पूर्वीय वायु सक्रिय हुन नसक्दा काठमाडौंमा प्रदूषण बढ्दै गइरहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले बताएको छ। यसरी बढ्दै गएको वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा पर्ने असर तथा सेवा प्रभावित हुँदा आर्थिक क्षति पनि बढ्ने गरेको छ।

वायु प्रदूषण केवल वातावरणीय समस्या मात्र होइन, जीवनरक्षासँग सम्बन्धित राष्ट्रिय प्राथमिकता बन्न पुगेको छ। यस क्षेत्रमा यदि आजै प्रभावकारी कदम चालिएन भने आगामी दिनहरूमा स्वास्थ्य सङ्कट, आर्थिक क्षति र सामाजिक समस्या गहिरिँदै जानेछ। तत्कालीन कदम तत्काल लागू गरेर र दीर्घकालीन कदम नीतिगत सुधारमार्फत यो समस्यालाई नियन्त्रण गर्न सकिन्छ। तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक र सञ्चार क्षेत्रको सामूहिक भूमिकाले मात्र स्वच्छ हावा र सुरक्षित भविष्य सुनिश्चित हुनसक्छ।

# जेनजी आन्दोलनका सहिद : 'छोरासँगै सहारा खोसियो'

**कालिका खड्का**

काठमाडौँ, २९ मंसिर (रासस) ।

"मेरो सहारा ढल्यो, संसार ढलेजस्तै महसुस भइरहेको छ", जेनजी आन्दोलनका क्रममा शहिद हुनुभएका अभिषेक चौलागाईका बाबु दिनेश चौलागाईले भारी मनले आफ्नो भावना पोख्नुभयो । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते ठमेलको एक होटलमा 'सेफ' काम गरेर दिउँसो २ बजेतिर मोटरसाइकलमा घर फर्किँदै गर्दा बानेश्वरको सिभिल अस्पताल अगाडि गोली लागेको थियो । "छोराले फोन गरेर मलाई निन्द्रा लागेन बाबा म घरमै आउँछु भनेर फोन गरेका थिए"-घटना भएको दिनको स्मरण गर्दै चौलागाईले थप्नुभयो, "मैले आन्दोलन शान्त भएर अलि सहज भएपछि भित्री सडकबाट आउनु भनेँ तर मुख्य बाटो नै आएका रहेछन्, जे नहुनु थियो, त्यही भयो ।"

होटेलको काम सकेर घर जान हिँडेका २१ वर्षीय अभिषेक होटलमा बस्न मन नलागेपछि भक्तपुर सरस्वतीखेल जान भनेर हिड्नुभएको थियो । स्थायी घर दोलखा शैलुङ गाउँपालिका-४, सेरावेंशी भए पनि सात वर्षदेखि उहाँ सपरिवार भक्तपुर बस्दै आउनुभएको थियो । "छोराले घर हिडेँ भनेर दिउँसो २ बजेतिर फोन गरेका थिए, निकै बेरसम्म नआएपछि मैले फोन गरेँ, फोन लागेन"-उहाँले सुस्तरी भन्नुभयो, "छोरा घरमा नआएपछि होटलमा फोन गरेँ, होटलबाट सेफको सामान किन्न गएका छन्, चिन्ता गर्न पर्दैन भने, केही सन्तोष मिल्यो ।"

बाबु दिनेशले छोरालाई फेरि साँझ पटकपटक फोन गर्नुभयो, सम्पर्क भएन । होटलमा बुझ्दा यहीँ छन् भनेपछि केही ढुक्क भएका थिए परिवार । "मैले २५ गते बिहानै फोन गरेँ-लाग्दैन, फोन बन्द छ, होटलमा कुरा गर्दा यतै होलान् नआत्तिनुस् भन्छन्"-उहाँले भावुक भएर थप्नुभयो, "मन धेरै बैचनी भइसकेको थियो, छोराको खोजी गर्दा कहीँ फेला पर्दैनन् ।"

अभिषेकका सपरिवार, आफन्त, साथीभाइहरुले खोजी गरिरहेका थिए । "भदौ २५ गते बेलुका ५:३० बजे छोराको साथीले फोन गरिन्, अभिषेक बाइकमा हिँडिरहेको बेलामा पछाडिबाट गोली लागेर सिभिल अस्पताल लगेको भिडियो देखेँ बुबा भनिन्, सुरुमा त पत्यारै लागेन"- आँखाभरि आँशु पार्दै विस्तारै उहाँले भन्नुभयो," सुन्ने बित्तिकै सिभिल अस्तालमा पुग्यौँ, नभन्दै पछाडिबाट गोली लागेर उनको घटनास्थलमै मृत्यु भएको रहेछ ।"

व्यवस्थापन विषयमा स्नातक तहमा पढ्दै गरेका छोरा छैनभन्दा सपनाजस्तो लागिरहेको छ दिनेशलाई । जीवनको साहारा आफुसँग छैन । छोरोको अनुहार हेर्न सक्ने अवस्था पनि भएन । कलकलाउँदो छोरो अस्तायो । परिवार सबै भेला भएर अभिषेकको पार्थिव शरीरको पशुपतिमा अन्त्यष्टि गरियो । "बुढेसकालको सहारा ढल्यो, असाध्यै पीडा हुन्छ, दुःख लाग्छ, मन बेचैन हुन्छ, घर हिंडेको एउटा निर्दोस छोरालाई गोली लाग्यो"-आफुलाई सम्हाल्दै दिनेशले थप्नुभयो, "छोराको वियोगले आमा अहिलेसम्म आफूलाई सम्हाल्न सकेकी छैनन्, उनीसँग छोराको विषयमा केही कुरा गर्नै हुँदैन रुवावासी गर्छिन् ।"

अभिषेकको बेलायत जाने तयारी भइरहेको थियो । सानैदेखि पढाइमा निकै राम्रो अनि सबैसँग मिल्ने र कसैलाई पनि दुःख पर्नेबित्तिकै सहयोग गरिहाल्ने बानी थियो । "सानैदेखि असाध्यै ज्ञानी, पढाइमा एकदम राम्रो थियो, सबैलाई सहयोग गर्ने भएकाले सबैको प्रिय थियो"-छोरालाई सम्झदै बाबुले थप्नुभयो, "गाउँटोलमा सबैलाई सहयोग गर्ने, कसैको दुःख देख्ने बित्तिकै सहयोग गर्थे, बेलायत गएर पैसा कमाउँदै बाबुआमालाई खुशी राख्छु भन्थे ।" अभिषेकको १० कक्षामा पढ्ने बहिनी दिक्षा छिन् । दाइले कमाएर बहिनीलाई पढाउँथे । "दाइ पढाइमा राम्रो हुनुहुन्थ्यो, धेरैजसो छात्रावृत्तिकै पढ्नुभयो"-बहिनी दिक्षाले थपिन्-"मेरो पढाइमा पनि दाइको साहारा थियो, अब कसरी पढ्ने ?"

घरमा आम्दानीको स्रोत केही नभए पनि शहिद अभिषेककी आमालाई चाहिँ सरकारले केही जागिर लगाइदिन पाए हुन्थ्यो भन्ने लागेको छ । "सरकारी जागिर खान लोक सेवा पास गर्नुपर्ने रहेछ, पढाइ पनि छैन"-बाबुले थप्नुभयो, "बिहान-बेलुका हातमुख जोड्ने बाटो केही छैन, कसरी खाने, के गर्ने ? हामी असाध्यै चिन्तामा छौँ ।" दिनेशले श्रीमतीलाई केही जागिर लगाउन सकिन्छ कि भनेर ऊर्जामन्त्री कुलमान घिसिङसँग पनि भेट गर्नुभयो । आफ्ना समस्याका कुरा पनि राख्नुभयो । "श्रीमतीलाई सरकारी जागिर लगाउन पाए हुने भन्ने लागेको छ, भक्तपुरतिरै मिले राम्रो हुने थियो, जागिरका लागि पहल गरेको छु तर अहिलेसम्म मिलेको छैन"- उहाँले भन्नुभयो, "जेनजी आन्दोलनका शहिद परिवारहरुको एउटा 'शहिद संरक्षण समिति' बनेको छ, त्यसले पनि पहल गरिरहेको छ ।" शहिद संरक्षण समितिको संयोजक भोजविक्रम थापा हुनुहुन्छ । उहाँले शहिद परिवारका लागि के गर्न सकिन्छ कि भनेर पहल गरिरहनुभएको छ । दिनेश पहिला सार्वजनिक गाडी चलाउनुहुन्थ्यो । श्रीमान र श्रीमती दुवै ४१ वर्षीय हुनुहुन्छ ।

अभिषेकका मामा सुन्दर सुवेदीलाई बिनाकारण आफ्ना भान्जाले ज्यान गुमाउनु परेकोप्रति अत्यन्तै पीडा भएको छ । "फेसबुकमा भान्जालाई गोली लागेको भिडियो देखेर सिभिल अस्पतालमा गयौँ"-उहाँले भन्नुभयो, "पछाडिबाट गोली लागेर अगाडि छोडेको थियो, घटनास्थलमै मृत्यु भएको भिडियोबाट देखिन्थ्यो ।" आन्दोलनको नाममा बिना कारण कलिला बालबालिकाले ज्यान गुमाउनु परेकोप्रति उहाँलाई दुःख लागेको छ । "कलिला बालबालिकाले ज्यान गुमाउनुपर्‍यो, देशका लागि यस्ता खालको आन्दोलन अब गर्न नपरोस्"-उहाँले थप्नुभयो, "देशका लागि ज्यान आहुति दिएको सम्मान होस्, मुलुकमा शान्ति सुरक्षा होस्, अब यसरी कसैको ज्यान गुमाउनु नपरोस् ।" देश राम्रो भएको हेर्न मन छ उहाँलाई । "भान्जाको रगत त्यतिकै खेर नजाओस्, मुलुकमा विकास होस्, सुशासन होस्"- उहाँले जोड्नुभयो, "देशमा फेरि यस्ता घटना नहोदोरियोस् ।"

सरकारले गत भदौ ३० जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका शहिद परिवारलाई क्षतिपूर्तिवापत १५ लाख रुपैयाँ दिने घोषणा गरेको थियो । आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्तिबापत १० लाख र अन्य खर्च ५ लाख गरी कुल १५ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेअनुसार चौलगाईको परिवारले पनि राहतस्वरुप रु १५ लाख पाएको छ ।

# चुनावी खर्च पारदर्शी बनाउने आयोगको प्रस्ताव

काठमाडौँ, २९ मंसिर (रासस) ।

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय गरेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तय गरेको र हाल राय सुझावका लागि सार्वजनिक गरेको निर्वाचन आचारसंहिता- २०८२ मा केही नयाँ व्यवस्था थप गरेको छ ।

खर्च वा आम्दानी सबै बैंक तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने, सबै बिल तथा भरपाई राख्नुपर्नेलगायतका नयाँ व्यवस्था थप गरेको हो । निर्वाचनमा हुने खर्चको स्रोतको पारदर्शिता कायम गर्न यस्तो व्यवस्था गर्न लागिएको आयोगले जनाएको छ । आयोगले निर्वाचन खर्चसम्बन्धी आचरण शीर्षकमा राजनीतिक दल तथा उम्मेद्वारले मनोनयनपत्र दर्ता निर्वाचनमा आफूले खर्च गर्ने अनुमानित रकम र सो को स्रोत समेत खुलाउनुपर्ने उल्लेख गरेको छ ।

उम्मेद्वारले खर्च गर्दा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्नेछ । यस्तै निर्वाचन खर्चसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्नेछ । तोकिएका पदाधिकारीको नाम नामेसीसहितको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ ।

प्रस्तावित आचारसंहितामा राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीबाट सो खाताबाट मात्रै खर्च गर्नुपर्नेछ । यसैगरी रु २५ हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्था मार्फत नै गर्नुपर्ने जनाइएको छ ।

व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगका रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई बैंक वा वित्तीय संस्थामा जम्मा गराउनुपर्नेछ । खर्चको विवरणसमेत तथा बिल भरपाई राख्नुपर्नेछ । आम्दानी तथा खर्चको विवरण प्रचलित कानुन बमोजिम आयोगले तोकेका ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनुपर्नेछ ।

आयोगले खर्चको बिल भरपाई तथा बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण पेस गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने सो थप गरिएको व्यवस्थामा उल्लेख गरेको छ । निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी प्रचलित निर्वाचनसम्बन्धी कानुनले तोकेको अवधिभित्र आयोग वा निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने जनाइएको छ ।

# देशभरका ६ सय ७० स्थानीय तहद्वारा जमिनको नक्सा अद्यावधिक

काठमाडौँ, २९ मंसिर (रासस) ।

देशभरका ६७० स्थानीय तहले नक्सा अद्यावधिक गरी कित्तागत विवरण सङ्कलन गरेका छन् ।

भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्यले ती स्थानीय तहले नक्सा अद्यावधिक गरेका हुन् । विभिन्न कारणले ८३ स्थानीय तहले कार्य प्रारम्भ गर्न सकेका छैनन् । भू-उपयोग वर्गीकरणका लागि २६१ स्थानीय तहले आधार तथा मापदण्ड नक्सा अद्यावधिक गरी कित्तागत विवरण सम्पन्न गरेका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले १६० स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गरी कित्तागत विवरण तयार गरेको जानकारी दिनुभयो ।

त्यसमध्ये सम्बन्धित स्थानीय तहले आ-आफ्नो स्थानीय तहभित्रका जग्गाको वर्गीकरण नक्सा अद्यावधिक गर्दै गरेको १५३ तथा हालसम्म आधार तथा मापदण्ड तयार गर्दै गरेका ४४ स्थानीय तह छन् । कृषि क्षेत्र मात्र ५२ स्थानीय तहले तयार पारेका छन् ।

भूउपयोग ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरणका लागि अधिकार तोकिएको छ । कृषि र गैरकृषि जग्गाको वर्गीकरण छिट्टै भएमा त्यसको आधारमा कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति तथा व्यवस्थित सहरीकरण र सुरक्षित आवासको व्यवस्थापन गर्न सहज हुने पूर्वाधार विकास, प्राकृतिक स्रोत साधनको संरक्षणका लागि आवश्यक योजना निर्माण गर्न सकिने मन्त्रालयले जनाएको छ ।

स्थानीय तहलाई भू-उपयोग वर्गीकरणका लागि आगामी असार मसान्तसम्म समय अवधि तोकिएको छ ।

# विश्व समाचार

## अष्ट्रेलियाको बोन्डी समुद्र तटमा भएको गोली हानाहानमा १६ जनाको मृत्यु

सिड्नी (अस्ट्रेलिया), २९ मङसिर (रासस/एएनआई) ।

अष्ट्रेलियाको बोन्डी समुन्द्र तटमा "हनुक्का" (यहुदीहरुको पर्व) मनाउँदै गरेका यहुदी समुदायलाई लक्षित गरी भएको गोली हानाहानमा १६ जनाको मृत्यु हुनुको साथै कम्तिमा ४० जना घाईतेहरु अस्पतालमा भर्ना भएको न्यू साउथ वेल्स (एनएसडब्ल्यू) प्रहरीले सोमबार पुष्टि गरेको छ । सामाजिक सञ्जाल एक्समा पोस्टमा गर्दै एनएसडब्ल प्रहरीले बोन्डीमा आइतबार भएको गोली हानाहानको पुष्टि गर्दै थप जानकारी चाँडै उपलब्ध गराइने बताएको छ । सिएनएनका अनुसार, यहुदी समुदायका प्रतिनिधिले ज्यान गुमाउनेहरूमा बालबालीकाहरु समेत रहेको पुष्टि गरेका छन् ।

अधिकारीहरूले घटना पछि बोन्डी समुद्र तट वरपरको क्षेत्र सील गरि अनुसन्धान जारी राखेको तथा हवाई गतिविधिमा प्रतिबन्ध लगाइएको बताएका छन् । "अनुसन्धानकर्ताहरूले घटना स्थलमा अनुसन्धान गरिरहँदा बोन्डी समुद्र तट र बोन्डी क्षेत्रका वरपरका सडकहरू बन्द हुने र ड्रोनसहितका विमानहरूलाई अपराध स्थलमाथि उड्न निषेध गरिएको प्रहरीले जनाएको छ ।

हनुक्का मनाउन सयौं मानिसहरू भेला भएको अवस्थामा यहुदी समुदायलाई लक्षित गरिएको यो आक्रमणलाई आधिकारिक रूपमा आतंकवादी आक्रमण घोषणा गरिएको जनाइएको छ । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले सामूहिक गोलीबारी पछि राष्ट्रका नाममा सम्बोधन गर्दै घटनाको निन्दा गर्नु भएको छ । उहाँले उक्त घटनालाई "विनाशकारी आतङ्कवादी आक्रमणको रुपमा वर्णन गर्दै अस्ट्रेलियाको यहुदी समुदायसँग एकता व्यक्त गर्नु भएको छ ।

उहाँले घटना "हनुक्का मनाइ रहेका यहुदी अस्ट्रेलियालीहरू लक्षित रहेको बताउदै आनन्दका साथ उत्सव, मनाई रहेका यहुदी विरोध, आतङ्कवाद भन्दै घटना हृदय विदारक भएको बताउनु भएको छ । न्यु साउथ वेल्सका प्रहरी आयुक्त माल लान्योनका अनुसार अस्ट्रेलियाको बोन्डी समुन्द्र तटमा भएको घातक गोली काण्डमा संलग्न दुई संदिग्ध बाबु र छोरा छन् ।

पत्रकार सम्मेलनमा बोल्दै लान्यानोनले ५० वर्षीय बुबालाई प्रहरीले घटनास्थलमै गोली हानेर हत्या गरेको र २४ वर्षीय छोरालाई घाइते अवस्थामा अस्पतालमा भर्ना गरिएको र अवस्था गम्भीर रहेको बताउनु भएको छ । नजिकैको गाडीमा फेला परेका विस्फोटक उपकरणहरू अधिकारीहरूद्वारा सुरक्षित रूपमा हटाइएको पनि अधिकारीहरूले पुष्टि गरेका छन् ।

## सामाजिक सञ्जालमा प्रभावशाली व्यक्तिको लोकप्रियतामा वृद्धि : अध्ययन

ल्युब्ल्याना,२९ मङ्सिर (रासस/सिन्ह्वा) ।

स्लोभेनियामा करिब एक तिहाइ नागरिकले सामाजिक सञ्जालमा सक्रिय प्रचारात्मक प्रभावशाली व्यक्तिहरूलाई नियमित रूपमा पछ्याउने गरेको पाइएको छ । ल्युब्ल्याना विश्वविद्यालयअन्तर्गत सामाजिक विज्ञान सङ्कायको सामाजिक सूचना विज्ञान केन्द्रले आइतबार सार्वजनिक गरेको अध्ययनले यस तथ्यलाई उजागर गरेको हो । गत मे महिनामा एक हजार दुई सय बयासट्ठी अन्तरजाल प्रयोगकर्तामाझ गरिएको सर्वेक्षणअनुसार अधिकांश उत्तरदातालाई वस्तु तथा सेवाको प्रचार गर्ने प्रभावशाली व्यक्तिहरूको जानकारी रहेको देखिएको छ । तीमध्ये एकतीस प्रतिशतले यस्ता व्यक्तिलाई नियमित रूपमा पछ्याउने बताएका छन् ।

अध्ययनले तस्वीर तथा दृश्य सामग्रीमा आधारित सामाजिक सञ्जाल माध्यमहरू सबैभन्दा बढी लोकप्रिय रहेको उल्लेख गरेको छ । उत्तरदाताहरूले प्रभावशाली व्यक्तिलाई प्रायः विज्ञापन र प्रचारसँग सम्बन्धित रूपमा बुझ्ने गरेका छन् । यद्यपि यस्ता व्यक्तिहरूले उपभोक्ताको खरिद निर्णयमा प्रभाव पार्न सक्ने भए पनि त्यसको प्रभाव व्यक्तिअनुसार फरक हुने अध्ययनले देखाएको छ । सर्वेक्षणअनुसार स्वदेशी प्रभावशाली व्यक्तिहरूको तुलनामा विदेशी प्रभावशाली व्यक्तिहरू बढी चर्चित रहेका छन् । यसैगरी, आभासी प्रभावशाली व्यक्तिप्रतिको चासो भने अत्यन्तै कम रहेको पाइएको छ, जसमा थोरै संख्याका सहभागीहरूले मात्र उनीहरूलाई पछ्याउने बताएका छन् ।

## एआई र डिजिटल प्रविधिले अपाङ्गता भएका व्यक्तिलाई सशक्त बनाउँदै

शेन्जेन,२९ मङ्सिर (रासस/सिन्ह्वा) ।

चीनको १२औं राष्ट्रिय अपाङ्गता खेलकुद प्रतियोगिता र ९औं राष्ट्रिय विशेष ओलम्पिक खेलकुद प्रतियोगितामा प्रविधिले अपाङ्गता भएका खेलाडी र सहभागीहरूको लागि अभूतपूर्व सहयोग पुऱ्याइरहेको छ । यी प्रतियोगिता हाल गुआङ्डोङ, हङकङ र माकाओमा आयोजना भइरहेका छन् । कुल सात हजार ८२४ खेलाडीहरू ३४ टिमबाट सहभागी भएका छन् । मुख्य प्रतिस्पर्धा मङ्गलबारबाट सुरु भएको हो, र यो पहिलो पटक हो कि यी दुई प्रतियोगिता गुआङ्डोङ-हङकङ-माकाओ ग्रेटर बे क्षेत्रका तीनै क्षेत्रमा संयुक्त रूपमा आयोजना भएका हुन् ।

आयोजक समितिका अनुसार, प्रतियोगिताको सबैभन्दा महत्वपूर्ण विशेषता प्रविधिको व्यापक प्रयोग हो । विभिन्न स्थलहरूमा इन्टरनेट अफ थिङ्स, कृत्रिम बुद्धिमत्ता (एआई) र डिजिटल ट्विन्स जस्ता अत्याधुनिक प्रविधिहरूको प्रयोग गरी पहुँचयोग्य र सहयोगी वातावरण निर्माण गरिएको छ । वेइजिङका स्वयंसेवक गोङग वेईले एक वर्षदेखि दूरसञ्चार मार्फत साङ्केतिक भाषामा अनुवाद प्रदान गर्दै आएका छन् । प्रतियोगिता सुरु भएयता यस सेवामा माग उल्लेखनीय रूपमा बढेको छ । वीच्याटमार्फत प्रयोगकर्ताहरू केही सेकेन्डमै स्वयंसेवकसँग भिडियो कल गर्न सक्छन्, जसले भौगोलिक दूरी मात्र होइन, मनोवैज्ञानिक दूरी पनि घटाउने काम गर्छ । कार्यक्रमका विकासकर्ता शि चेङ्गचुआन, जो आफैं सुनाइमा अपाङ्गता भएका व्यक्ति हुन्, ले साङ्केतिक भाषा अनुवाद सफ्टवेयर र उपकरणहरू विकास गरेका छन्, जुन सरकारी कार्यालय, अस्पताल र विद्यालयहरूमा पनि प्रयोग भइरहेका छन् ।

# पठनशैलीको निरन्तरताका लागी पुस्तक प्रदर्शनी महत्वपूर्ण : कावा मेयर परवीन



**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
राजविराजमा जारि बृहत पुस्तक प्रदर्शनीको सोमबार राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले अवलोकन गरेकी छिन् ।

साझा प्रकाशनद्वारा आयोजित पुस्तक प्रदर्शनीको अवलोकन गर्दै उनले पठन संस्कृतीको विकास र पठनशैलीको निरन्तरताका लागी पुस्तक प्रदर्शनी महत्वपूर्ण हुने बताए ।

सो क्रममा उनले यस्ता कार्यक्रमलाई सबैले सहयोग गर्नुपर्नेमा जोड दिदै पढ्ने बानीको विकास गर्नु पर्ने औल्याइन् । बैकल्पिक साधनको बढदो प्रयोग संगै पुस्तक र पत्रपत्रिकाका पाठक घटन थालेको भन्दै उनले हाम्रा विशिष्ट सम्पदा र दबिएर रहेको बौद्धिक सम्पतीको संरक्षणका लागि पनि यस्ता प्रदर्शनी आवश्यक रहेको बताईन ।

पुस १ गते सम्म चल्ने प्रदर्शनीमा विभिन्न विधाको २ हजार ६ सय भन्दा बढी शिर्षकका पुस्तक राखिएका छन । उक्त पुस्तकमा २० देखी ४० प्रतिशत सम्म छुटको व्यवस्था मिलाइएको आयोजक साहित्यीक संस्था साझा प्रकाशनले जनाएको छ ।

# जंगली हात्ती गाउँपसेर उपद्रो मच्चाउँदै

उदयपुर, २९ मंसिर (रासस) ।
उदयपुरको चौदण्डीगढी नगरपालिका १० हँडिया क्षेत्रमा जङ्गली हात्तीले गाउँ पसेर उपद्रो मच्चाएको छ ।

दैनिक रातिका समयमा हात्ती गाउँ प्रवेश गरेर घरमा थन्क्याएका खाद्यन्न तथा बालीमा नास गर्न थालेका स्थानीयवासीले गुनासो गरेका छन् ।

स्थानीयबासी श्यामनारायण चौधरीका अनुसार गत शनिबार रातिमात्र स्थानीय अमृत अधिकारीको घरका बार भत्काएर अन्न क्षति गरेको थियो । यसैगरी, स्थानीय पर्शुराम हजदारले आफ्नो घरको भकारीमा राखेको धान हात्तीले क्षति गरेको जानकारी दिनुभयो । मध्यरातमा हात्ती प्रवेश गरेर घर वरिपरि बिरुवा खाने र भकारी भत्काएर धान खान थालेको उहाँले बताउनुभयो ।

हात्ती रातिका समयमा गाउँमा प्रवेश गर्न थालेपछि कतिपय गाउँले रातभरि आगो बालेर हात्ती धपाउन जाग्राम नै बस्नुपरेको स्थानीयवासी सीताराम चौधरीले बताउनुभयो । चिसो बढेसँगै हात्ती गाउँ प्रवेश गरेर बिगार तथा उपद्रो गर्न थालेको स्थानीय बताउँछन् ।

# प्रधानाध्यापक ठाकुरविरूद्ध अदालतमा भ्रष्टाचार मुद्दा दायर

काठमाडौं, २९ मंसिर (रासस) ।
अख्तियार दुरूपयोग अनुसन्धान आयोगले धनुषाको विदेह नगरपालिका–२ दुहबीस्थित शङ्कर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिकलाल ठाकुरविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले आर्थिक वर्ष २०७८/७९ मा आइसिटी ल्याब स्थापना तथा आर्थिक वर्ष २०७९/८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालयमा आईटी ल्याब स्थापना तथा डिजिटल लाइब्रेरी सुदृढीकरण कार्यक्रममा रकम हिनामिना गरेको दाबीसहित सोमबार मुद्दा दायर गरेको हो ।

प्रधानाध्यापक ठाकुरसँगै तत्कालीन लेखापाल अरूणकुमार कुशियैतविरूद्ध जनही रु आठ लाख ६२ हजार १५२ बिगो रकमसहित विशेष अदालतमा मुद्दा दायर भएको अख्तियारले जनाएको छ । अख्तियारले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आव २०७८/७९ को आइसिटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको रु ८७ हजार ५०० बराबरको प्रोजेक्टर तथा आव २०७९/८० मा आइटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको रु एक करोड, २४ लाख ६ सय ५२ बराबरको स्कस्ल सफ्टवयर र स्टान्ड हाल विद्यालयको अभिलेखमा नदिखिएको हुँदा सजायको माग दाबीसहित सोमबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको छ ।"

ठाकुर र कुशियैतले आपसी मिलेमतो तथा योजनामा सरकारी सार्वजनिक सम्पत्ति हिनामिना, हानीनोक्सानी तथा दुरूपयोग गरेको हुँदा निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकाले निज प्रतिवादीलाई सजायको मागसहित आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

# एमाले अध्यक्षमा ओली र पोखरेलको उम्मेदवारी दर्ता

काठमाडौं, २९ मंसिर (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदका लागि वर्तमान अध्यक्ष केपी शर्मा ओली र वर्तमान वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आ–आफनो उम्मेदवारी दर्ता गराउनुभएको छ ।

काठमाडौँको भृकुटीमण्डपस्थित बन्दसत्र स्थलको केन्द्रीय निर्वाचन आयोगको कार्यालयमा दुवैजनाले समर्थकसहित पुगेर सोमबार आफ्नो उम्मेदवारी दर्ता गराउनुभएको हो । अध्यक्ष ओलीले अपराह्न ३:३० बजे र वरिष्ठ उपाध्यक्ष पोखरेलले करिब ३ बजे अध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गराउनुभएको हो ।

महाधिवेशनमा विभिन्न पदाधिकारी र केन्द्रीय सदस्यका लागि उम्मेदवारी मनोनयन दर्ताको कार्य जारी छ । उम्मेदवारी मनोनयनको समय यसअघि ३:३० बजेसम्म कायम गरिएकामा उम्मेदवारको लाइन कायम रहेकाले केही समय लम्बिने देखिएको छ । एमाले महाधिवेशनले ३०१ सदस्यीय नयाँ कार्यसमिति चयन गर्ने छ ।

# आगो ताप्ने क्रममा जलेर महिला गम्भीर घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
सप्तरीको तिलाठी कोईलाडी गाउँपालिमा आगो ताप्ने क्रममा जलेर एक महिला गम्भीर घाइते भएकी छिन् ।

वडा नं. २ स्थित मिथला टोलमा आगो ताप्ने क्रममा स्थानीय २८ वर्षीया अमृता कुमारी मण्डल गम्भिर घाईते भएकी हुन् ।

आइतबार साँझ आफ्नै गाईगोठमा आगो बाली घुर ताप्ने क्रममा अचानक साडीमा आगलागी भएर अमृता गम्भिर घाईते भएकी थिइन् । आगलागीबाट शरीरको विभिन्न भाग करिब ४० प्रतिशत जलेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिएका छन् ।

गम्भिर घाईते भएकी उनको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

# बालवालिकाको लागी प्रभावकारी बन्दै समुन्नति कार्यक्रम




**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
सप्तरीको खडक नगरपालिकामा बालवालिकाहरूको लागी समुन्नति कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।

खडक नगरपालिकाको समन्वय, सेभद चिल्ड्रेन र सबल नेपालले सप्तरीको पश्चिमी भेगमा संचालन गरेको वालवालिकाहरूको बिकासमा आधारित समुन्नती कार्यक्रम फलदाय बनेको हो ।

नगर कार्यक्रम सल्लाहकार समितिद्वारा अनुगमन तथा समिक्षा बैठक गरि जिल्लाको खडक नगरपालिकाको बिभिन्न वडामा गरेका कार्यहरुको अनुगमनको क्रममा शिक्षा, स्वास्थ तथा अन्य जिविकोपार्जनमा पुऱ्याएको सहयोगले वालवालिकासँगै उनका परिवार र समुदायको बिकासका टेवा पुरयाएको छ ।

खडक नगरपालिका वडा नं. ५ खोजपुरमा रहेका स्वास्थ्य चौकी अन्तर्गत प्रसुति गृह संचालनका लागि सबल नेपालले दिएको उपकरण प्रयोगमा रहेको पाइएको छ । अनुगमनको क्रममा खडक नगरपालिका वडा ५ मा सबल नेपालले यहाँ बर्थिङ सेन्टर संचालनका लागि दिएका पिपि सेट, सेनिटाइजर, टायल जडान, फिट निर्माण लगायत विभिन्न उपकरणहरू सहयोग बाट सेन्टर संचालनमा रहेको स्वास्थ चौकी खोजपुरका ईन्चार्ज बिन्दु यादवले बताईन ।

साथै यस बर्थिङ सेन्टरमा महिनाको ३/४ वटा शिशुको जन्म हुने गरेको र नियमित सरसफाईको कार्य समेत भइरहेको ईन्चार्ज यादवले बताईन । बर्थिङ सेन्टर संचालनमा स्वास्थकर्मिलाई बस्न कोठाको अभाव रहेको तथा बिजुली बतीको व्यवस्थापन नहुदाँ संचालन गर्नमा कठिनाई भईरहेको ईन्चार्ज यादवले बताईन ।

स्वास्थ्य चौकीमा सरसफाइ, गर्भवती महिलाहरुको स्याहार र किशोरकिशोरीहरुको लागि मैत्रीपुर्ण कार्यक्रम प्रभावकारी रहेको महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखाका अनिता चौधरीले बताईन ।

त्यस्तै अनुगमन क्रममा खडक नगरपालिका वडा नं. १ स्थित वडा कार्यालयमा बालअधिकार संरक्षण समितिले गरेको बार्षिक कार्ययोजना, समुदायमा रहेको वालवालिकाहरूलाई सामग्री वितरण, प्रशिक्षण, तालिम तथा क्रियाकलाप सम्बन्धमा जानकारी लिएको छ ।

सो अवसरमा वडा १ का वडा अध्यक्ष राजकुमार साहले वालवालिकाहरूको विभिन्न विधालयमा पोसाक वितरण गरेको तथा समय समयमा विधालयको निरिक्षण गर्दै आवश्यक सहयोग गर्दै आएको जानकारी दिए । उनले भने समुदाय र विधालयमा वालवालिकाहरूलाई कुलतबाट जोगाउन लागुऔषध, बाल श्रम बारे तालिम लिएर समुदायमा जनचेतना जगाइरहेको जसकारण वडामा वालवालिकाहरू कुलतबाट जोगिएको बताए ।

यसैगरी खडक नगरपालिका वडा ४ स्थित बागेश्वरी आधारभुत बिधालय अमहा तथा खडक ५ को जनता राष्ट्रिय आधारभुत बिधालयहरूमा मर्मत सम्भार, रंगरोवन, खानेपानीको लागि फिल्टर सेट, चर्पि निर्माण, हरित बिधालयका लागि सबल नेपालले सुचकहरूको पूरा गर्न सहयोग गरेको, वालविकास कक्षामा सामग्री, शिक्षकहरूलाई शिक्षण सिकाई तालिम, शैक्षिक सामग्री, प्रशिक्षण जस्ता क्रियाकलापमा सहयोग गरेको खरचुहिया आधारभुत बिधालयका प्रअ दिनेश मण्डलले जानकारी दिए ।

उक्त अनुगमनमा खडक नगरपालिका वडा गंगाराम चौधरी, वडा १ का अध्यक्ष राजकुमार साह, खडक नगरपालिका वडा ५ का सदस्य रामबिलास मण्डल, स्वास्थ शाखा प्रमुख जिवनारायण साह, महिला बाल कल्याण अधिकारी अनिता कुमारी साह, रोजगार शाखा प्रकाश चौधरी, कृषि शाखा राजेश चौधरी, सबल नेपालका उपाध्यक्ष भुपेश साह, फिल्ड म्यानेजर रोशन कुमार मण्डल, फिल्ड संयोजक अशोक कुमार साह, राधेश्यम राम, अनुगमन संयोजक चन्दन चौधरी, पत्रकार चन्दन कुमार यादव, महेश सिँह, आशिष साह, सहितका सहभागिता रहेको थियो ।

## *मधेशमा थपिए ...*

सिँचाइ तथा खानेपानी मन्त्री बनेका छन् ।

यसअघि बिनाविभागीय मन्त्री नियुक्त भई शपथ लिएका कांग्रेसका जंगीलाल रायले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेकपा एसका कनिष पटेललाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

जनमत पार्टीका महेशप्रसाद यादवले यसअघि नै अर्थ मन्त्रालयको जिम्मेवारी पाएका थिए । अहिले मधेश सरकारमा कांग्रेसका मुख्यमन्त्री र एक मन्त्री, नेकपा एस, जनमत पार्टी, लोसपा र माओवादी केन्द्रका १/१ जना सहभागी छन् ।

जसपाबाट अहिलेसम्म कोही सरकारमा सहभागी छैनन् । गत मङ्सिर १९ गते सातदलीय गठबन्धनको समर्थनमा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री नियुक्त भएका थिए । मुख्यमन्त्री यादवले आगामी पुस ४ गते विश्वासको मत लिने भएका छन् ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*